CHILIME HYDROPOWER
COMPANY LIMITED

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## सत्रौं वार्षिक प्रतिवेदन
२०६९/७०

# Chilime
THE PIONEER

*An ISO Certified Company*

# वित्तिय झलक २०६९/७०

**कुल आम्दानी** (रु. दश लाखमा)




**खुद नाफा** (रु. दश लाखमा)




**चुक्ता शेयर संख्या** (लाखमा)




**नेट वर्थ प्रति सेयर** (रु. मा)




**प्रति शेयर आम्दानी** (रु. मा)




**प्रति सेयर लाभांश** (रु. मा)



# उत्कृष्टतातिर लम्कदैं...

- United Kingdom Accreditation System (UKAS) बाट मान्यता प्राप्त गुणस्तर प्रमाणिकरण संस्था BM TRADA, UK ले Quality Management System (QMS) को लागि कम्पनीलाई **ISO 9001:2008** प्रमाणित,

- United Kingdom Accreditation System (UKAS) बाट मान्यता प्राप्त गुणस्तर प्रमाणिकरण संस्था BM TRADA, UK ले Environmental Management System (EMS) को लागि कम्पनीलाई **ISO 14001: 2004** प्रमाणित,

- उत्पादन विधामा सर्वोत्कृष्ट लेखा प्रतिवेदन प्रस्तुतीकरण वापत Institute of Chartared Accountants Nepal (ICAN) ले कम्पनीलाई **National Best Presented Accounts Award, 2011** बाट सम्मानित,

# संचालक समिति



**जयन्द्र श्रेष्ठ**
संचालक

**अर्जुन कुमार कार्की**
अध्यक्ष

**फुर्पु तेन्जेन तामाङ**
संचालक

**तुलसीराम ढकाल**
संचालक



**यम कुमार श्रेष्ठ**
संचालक

**लिलानाथ भट्टराई**
संचालक

**कुलमान घिसिङ**
प्रवन्ध संचालक



चिलिमे हाइड्रोपावर प्लान्टको टनेलः एक झलक



चिलिमे हाइड्रोपावर प्लान्टः पावर हाउस

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
## सत्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

संचालक समितिको मिति २०७०/०५/२० को निर्णय अनुसार यस कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयम् उपस्थित हुन वा रितपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनुहुन सवै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**मितिः** २०७०/०६/१५ गते मंगलवार (तद्नुसार अक्टोवर १, २०१३)
**स्थानः** प्रज्ञा प्रतिस्थान भवन, कमालादी काठमाण्डौ
**समयः** बिहान ११:०० बजे

**साधारण सभामा छलफल हुने विषय सूचिः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.ब. २०६९।०७० को बार्षिक प्रतिवेदनको प्रस्तुति ।
२. लेखापरीक्षण प्रतिवेदन सहित २०७० साल आषाढ मसान्तको वासलात र आ.ब. २०६९।०७० को नाफानोक्सान हिसाव तथा नगद-प्रवाह बिवरणमा छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०७०/०७१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण ।
४. संचालक समितिबाट सिफारिश भए बमोजिम चुक्ता पूँजीको १०% नगद लाभांश बितरण गर्ने स्वीकृति सम्वन्धमा ।
५. बिषेश प्रस्तावः
   क) कम्पनीको जारी पूँजी बद्धि गरी कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने ।
   ख) संचालक समितिबाट सिफारिश भए बमोजिम चुक्ता पूँजीको ३०% बोनश शेयर बितरण गर्ने स्वीकृति सम्वन्धमा ।
६. संचालक समितिका सदस्यहरुको सुविधा सम्वन्धमा ।
७. बिविध ।

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

# साधारण सभा सम्वन्धी अन्य जानकारी

१. सभामा उपसथित हुने शेयरधनी महानुभावहरुले प्रवेशपत्रका साथै शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभा कक्षभित्र प्रवेश गर्न पाइने छैन । कम्पनीको बार्षिक साधारण सभाको सूचना, संचालक समितिको प्रतिवेदन, आर्थिक बिवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पठाई सकिएको छ । कारणवश उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेको भएमा कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही वा कम्पनीको शेयर रजिष्ट्रार नागरिक लगानी कोषको कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ ।

२. सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले रितपूर्वकको प्रतिनिधी-पत्र (प्रोक्सी) दिई नियुक्त गर्नु पर्नेछ ।

३. प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भएता पनि त्यस्तो प्रतिनिधी पत्र स्वत: बदर हुनेछ ।

४. संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा शेयरधनीको दर्ता कितावमा पहिलो नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधी नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन पाउने छ ।

५. कुनै शेयरधनी महानुभावले छलफलका बिषयहरु मध्ये बिविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धी कुनै बिषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गर्ने र नगर्ने अधिकार साधारणा सभामा नै निहित हुनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका साधारण सभा हुने दिन बिहान ९ :०० बजेदिख दिउँसो १२ :०० बजेसम्म खुल्ला रहनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर लिएको भए त्यस्तो संस्था वा कम्पनीले अधिकार प्रदान गरेको प्रतिनिधीले शेयरधनीको हैसियतले सभामा भाग लिन पाउने छ ।

८. कम्पनीको शेयर दाखिल खारेज मिति २०७०/०५/२८ देखि २०७०/०६/१५ गतेसम्मका लागि बन्द रहनेछ ।

९. कम्पनीको शेयर रजिष्ट्रार नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ रहेको छ ।

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
**लाजिम्पाट, काठमाडौं**

## प्रतिनिधि नियुक्त गर्ने फारम

..........................................बस्ने म/हामी...............................................................................ले चिलिमे जलविद्युत कम्पनी लिमिटेडको शेयरधनीको हैसियतले मिति २०७० साल आश्विन महिना १५ गते मंगलबार (अक्टुवर १, २०१३) का दिन हुने सत्रौं बार्षिक साधारण सभामा मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिनका लागि ...............................................................................बस्ने श्री ...............................................................................लाई नियुक्त गरेको छु/छौं ।

**प्रतिनिधि हुनेको**

नाम :

दस्तखत :

ठेगाना :

शेयर प्रमाणपत्र नं. :

शेयरधनी संकेत नं. :

शेयर संख्या :

मिति :

**प्रतिनिधि नियुक्त गर्नेको**

नाम :

दस्तखत :

ठेगाना :

शेयर प्रमाणपत्र नं. :

शेयरधनी संकेत नं. :

शेयर संख्या :

मिति :

**द्रष्टब्यः** प्रतिनिधि नियुक्त गर्न चिलिमे जलविद्युत कम्पनी लि.को शेयरधनी बाहेक अरुलाई गर्न पाइने छैन ।


# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
**लाजिम्पाट, काठमाडौं**


## प्रवेश–पत्र

कम्पनीको मिति २०७० साल आश्विन महिना १५ गते मंगलवार (अक्टुवर १, २०१३) का दिन हुने सत्रौं बार्षिक साधारण सभामा भाग लिन यो प्रवेश–पत्र जारी गरिएको छ ।

शेयरधनीको नाम :

शेयर प्रमाणपत्र नं.:

शेयरधनी संकेत नं.:

शेयर संख्या :

**कम्पनी सचिव**

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्यरुपमा लिई आउनुहुन अनुरोध छ ।)

**सञ्चालक समितिको तर्फबाट सत्रौं वार्षिक साधारण सभामा अध्यक्षज्यूबाट प्रस्तुत**

# आ.ब. २०६९/०७० को बार्षिक प्रतिवेदन

**शेयरधनी महानुभावहरू,**
चिलिमे जलविद्युत कम्पनीको १७ औं वार्षिक साधारण सभामा म यहाँहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु । विगत वर्षहरू जस्तै यस आर्थिक वर्ष (२०६९/०७०) पनि कम्पनीको बृहत्तर विकासको दृष्टिकोणले उपलब्धिमुलक रहेको जानकारी शेयरधनी महानुभावहरूलाई गराउन पाउँदा गौरवान्वित भएको महशुस गरेका छौं ।

कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आर्जन गरेको साख र छवी (Goodwill and Image)लाई अझै उच्च बनाउन सफल भएको हामीलेमहशुस गरेका छौं, यसको फलस्वरूप अन्तर्राष्ट्रिय मान्यता प्राप्त संस्थाबाट Quality Management System (QMS) र Environment Management System (EMS) मा क्रमश: ISO 9001 M2008 / ISO 14001 M2004 प्राप्त गर्न सफल भएको छ । साथै गत वर्ष झै यस आ.व. मा पनि The Institute of Chartered Accountants of Nepal-ICAN ले कम्पनीलाई सर्वोत्कृष्ट प्रतिवेदन प्रस्तुत गरे वापत उत्पादन विधामा सर्वोत्कृष्ट राष्ट्रिय पुरस्कार National Best Presented Annual Report Award, 2012 ले सम्मान गरेको छ ।

समिक्षा अवधिमा कम्पनीको शेयरको बजार मूल्य तुलनात्मक रूपले उच्च विन्दुमा नै रह्यो । आर्थिक वर्षको शुरूमा रू.१,०३८/- रहेको बजार मूल्य आर्थिक वर्षको अन्त्यमा रू.१,१९१/- मा रहेको थियो भने यस साधारण सभा प्रयोजनको लागि शेयर खरिद विक्री बन्द पूर्व प्रतिशेयर बजार मूल्य करिव रू.१,५५०/- को हाराहारीमा रहन गयो । करिव ८२५ वोनस शेयर थप पश्चात र करिव ५५० को नेप्से इन्डेक्स हुँदा पनि बजार मूल्य रू.१,५५०/- को हाराहारीमा रहनु भनेको कम्पनीको शेयरको बजार मूल्य हालसम्मकै उच्च विन्दुमा रहेको मान्नु पर्दछ । यसबाट शेयरधनी महानुभावहरूको लगानीमा निश्चित रूपले मूल्य अभिवृद्धि (Value addition) भएको हामीले महशुस गरेका छौं ।

कम्पनीको अगुवाइमा सहायक कम्पनीहरू मार्फत अगाडि बढाइएको दुई सय सत्तरी दशमलव तीन मेगावाट क्षमताका चार आयोजनाहरू निर्माण चरणमा रहेका छन् भने अन्य संभाव्य आयोजनाहरूको सर्वेक्षण अनुमति लिने प्रकृयामा रहेको छ । आगामी दिनहरूमा शुरू भएका आयोजनाहरू बजेट भित्र समययमा सम्पन्न गरी थप आयोजनाहरू विकास गर्ने तर्फ कम्पनीको सम्पूर्ण ध्यान केन्द्रीत रहने विश्वास शेयरधनी महानुभावहरूलाई दिलाउन चाहन्छु ।

यस आथिर्क वर्षमा चिलिमे जलविद्युत केन्द्रले संचालन अवधिमा सवै भन्दा बढी विद्युत विक्री गरी खूद मुनाफा बढाउन सफल भएको जानकारी गराउन पाउँदा मैले अत्यन्तै हर्षको अनुभूति गरेको छु ।

कम्पनीको मुख्य उद्देश्य शेयरधनी महानुभावहरूको लगानीको प्रतिफल सुनिश्चित गरी लगानीमा अभिबृद्धि गर्नु नै हो । यसले कम्पनीको उद्देश्य मात्र पूति हुने नभई उर्जा संकटको वर्तमान राष्ट्रिय समस्यालाई पनि ठोस योगदान पुग्ने निश्चित छ । तसर्थ हामीले अत्यन्तै जिम्मेवारीवोधका साथ नेपालकै सवभन्दा ठूलो जनताको जलविद्युत कम्पनीको रूपमा स्थापित गर्ने दूरदृष्टि(Vision) राखी अल्पकालिन, मध्यकालिन र दीर्घकालिन रणनीति बनाएर अगाडि बढेका छौं । हामीलाई विश्वास छ, तोकिएको लक्ष्य प्राप्त गर्न हामी र हाम्रो व्यवस्थापन सफल हुनेछ ।

साथै कम्पनीले हासिल गरेका यी महत्वपूर्ण उपलब्धीहरुको जानकारी पश्चात अव म यस गरिमामय सभामा संचालक समितिको तर्फबाट आ.व.२०६९/०७० को वार्षिक प्रतिवेदन तथा सोही बर्षको लेखापरिक्षण सम्पन्न भैसकेका वित्तीय बिवरणहरु संक्षिप्तरुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१. आ.व.२०६९/०७० को कारोबारको सिंहावलोकनः**

आ.व.२०६९/०७० मा यस कम्पनीका आर्थिक गतिविधिहरु विगत आ.व.हरुमा जस्तै उत्साहजनक अवस्थामा रहेको तथ्य शेयरधनी महानुभावहरु समक्ष राख्न पाउँदा हामीलाई अत्यन्त खुशीलागेको छ । वितिय उपलब्धीहरुको अवस्था निम्न बमोजिम रहेको छः

(क) कम्पनीको आ.व. २०६९र०७० को वित्तीय उपलब्धी तथा महत्वपूर्ण सूचकांक गत आ.व.२०६८/०६९ संग तुलना गरी प्रस्तुत गरिएको छ, जुन यसप्रकार रहेको छः

ख) आ.व.२०६९/०७० मा यस कम्पनीले १४ करोड ८२ लाख २७ हजार युनिट विद्युत उत्पादन गर्ने लक्ष्य राखेकोमा जम्मा १५ करोड ४० लाख १९ हजार युनिट विद्युत उत्पादन गर्न सफल भएको छ । नेपाल विद्युत प्राधिकरणसंग भएको विद्युत खरिद बिक्रि सम्झौता अनुसार यस आ.व.मा १४ करोड ९६ लाख ४९ हजार युनिट विद्युत (बिक्रि योग्य अधिक विद्युत समेत) नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी सोबाट रु. ९६ करोड ८५ लाख ५४ हजार प्राप्त हुन सक्यो । २०६० भाद्र ८ गतेबाट कम्पनीले व्यावसायिक विद्युत उत्पादन शुरु गरेदेखि हालसम्मको उत्पादन तथा बिक्रिको अवस्था निम्नानुसार रहेकोछ ।

| बिवरण | आर्थिक बर्ष (रू.) | | बृद्धि/कमी | |
|---|---|---|---|---|
| | २०६९/०७० | २०६८/०६९ | रकम रू. | प्रतिशत |
| विक्रि आम्दानी | ९,६८,५५४ | ९,००,६३९ | ६७,९१५ | ७.५४ |
| अन्य आम्दानी | २,५६,८०७ | ३,०३,९६७ | (४७,१६०) | (१५.५१) |
| जम्मा आम्दानी | १२,२५,३६१ | १२,०४,६०६ | २०,७५५ | १.७२ |
| विक्रीको लागत | (९०,८४४) | (१,०२,७५९) | (११,९१४) | (११.५९) |
| प्रशासकीय खर्च | (६४,७५१) | (५१,९०६) | १२,८४४ | २४.७४ |
| ह्रास खर्च | (१,०७,०९३) | (१,०६,७०१) | ३९२ | ०.३७ |
| जम्मा खर्च | (२,६२,६८८) | (२,६१,३६६) | १,३२२ | ०.५१ |
| स्थगन कर | २,३७४ | २,०८१ | २९३ | १४.०८ |
| यस बर्षको खूद नाफा | ९,६५,०४५ | ९,४५,३२१ | १९,७२४ | २.०८ |
| सेयर संख्या | १७,४७२ | १३,४४० | ४,०३२ | ३०.०० |
| प्रति शेयर आम्दानी (रू.) | ५५ | ७० | (१५) | (२१.४३) |

ग) आ.व.२०६८/०६९ को तुलनामा आ.व. २०६९/०७० मा सञ्चालन खर्च र विक्रीको लागतमा ०.६०५ प्रतिशतले बृद्धि हुन गएको छ। गत सालभन्दा सिभिल मर्मत, कर्मचारीको भत्ता सुविधा तथा संस्थागत विकास एवं ब्यवसायिक खर्चमा केही खर्च बढ्न गई खर्चमा बृद्धि भएको हो । यस अवधिमा खर्चमा बृद्धि भए तापनि आ.व.२०६८/०६९ को तुलनामा विक्री आम्दानी बृद्धि हुन गई विविध आम्दानी तर्फ ब्याज आम्दानी समेत उल्लेख्य नै हुन गएको कारणले खुद नाफामा २.०८ प्रतिशत बृद्धि  हुन गएकोछ।

घ) कम्पनीको प्रतिशेयर आम्दानी आ.व. २०६८/०६९ मा रु.७०/- रहेकोमा आ.व. २०६९/०७० मा रु.५५.२३ रहेको छ । गत सालको ३०% बोनस शेयरले गर्दा चुक्ता पूँजी बढ्न गएकोले प्रतिशेयर आम्दानी सोहीबमोजिम घट्न गएको छ । आ.व.२०६८/०६९ मा प्रतिशेयर नगद लाभांश रु.२०/- र बोनस शेयर ३०% दिइएकोमा यस आ.व.२०६९/०७० को लागि चुक्ता पूँजी रु.१ अरब ७४ करोड ७२ लाखको १०% नगद लाभांश र ३०% बोनस शेयर प्रस्ताव गरिएको छ। साथै आ.व.२०६९/०७० मा प्रस्ताव गरिएको ३०% बोनस शेयर पूँजीकृत गरेपछि र नगद लाभांशका लागि समेत रु.१७ करोड४७ लाख २० हजार छुट्याईए पछि कम्पनीको नेटवर्थ प्रतिशेयर रु.२५५/- वरावर रहनेछ।

ङ) कम्पनीका विगत १० वर्षको शेयरपूँजी, ऋणर सञ्चितीको अवस्था निम्न ग्राफ चित्रमा प्रस्तुत गरिएको छ।

| आ.व. | लक्ष्य (युनिट) | जम्मा उत्पादन (युनिट) | अधिक उत्पादन (युनिट) | जम्मा बिक्रि (युनिट) | प्राप्तरकम (रू.) |
|---|---|---|---|---|---|
| २०६०/०६१ | ११५,१९८,००० | ११९,८३१,४९४ | २,२६३,६६९ | १११,४१२,८०७ | ५८५,८३७,३९५ |
| २०६१/०६२ | १३२,७९५,००० | १३४,३०९,२०६ | २,६४६,०७० | १२४,४८६,८८३ | ६९०,९०२,२०१ |
| २०६२/०६३ | १३३,२२३,६४४ | १४५०८३,७३० | ६,५३०,२०० | १३६,३२८,३९५ | ८१६,६०७,०८८ |
| २०६३/०६४ | १३२,७९०,००० | १४७,६१९,७३० | ७,१८८,३२५ | १३९,६५०,८१८ | ९०३,५४०,७९२ |
| २०६४/०६५ | १३२,७९५,००० | १४५,०७५,०४९ | ६,९०८,०३५ | १३८,१६५,८४४ | ८७०,०१४,५२७ |
| २०६५/०६६ | १३७,५८५,००० | १४६,२२०,००० | ११,१४८,००० | १४२,१२७,००० | ८८३,४४६,००० |
| २०६६/०६७ | १४०,८९३,००० | १४८,१३२,००० | ९,०६१,९२७ | १४१,५६५,२०० | ८८६,५६४,९०० |
| २०६७/०६८ | १३२,७९५,३४९ | १५०,११०,००० | १०,०७५,७३५ | १४१,८५६,००० | ८८५,०४६,००० |
| २०६८/०६९ | १४२,८७१,००० | १५६,०८३,००० | १३,१३१,१८१ | १४५,७८०,५१३ | ९००,६३८,६४७ |
| २०६९/०७० | १४८,२२७,००० | १५४,०१९,००० | ५,७९२,००० | १४९,६४९,२१० | ९६८,५५३,५०७ |
| जम्मा | १,३४९,१७२,९९३ | १,४४६,४८३,२०९ | ८५,८४४,५०२ | १,३७१,०२२,६७० | ८,३९१,१५१,०५७ |



आ.व.२०६८र०६९मा शेयरपूँजी रु. १ अर्व ३४ करोड ४० लाख र लाभांश तथा बोनस व्यवस्था पश्चात संचिती रु.३ अर्व २५ करोड ८० लाख ९२ हजार रहेकोमा आ.व.२०६९/०७० सम्ममा शेयरपूँजी रु.१अर्व ७४ करोड ७२ लाख भई सोको आधारमा यस बर्षको लागि नगद लाभांश र बोनस शेयर व्यवस्था गरेपश्चात संचिती रु.३ अर्व ५२ करोड ४२ लाख ५८ हजार रहनेछ ।

च) कम्पनीको आ.व.२०६९/०७० को शेयरबजार मूल्यको स्थिति निम्न ग्राफ चित्रमा प्रस्तुत गरिएको छ।

कम्पनी को शेयरबजारको स्थिति हेर्दा २०६९ श्रावणमा प्रतिशेयर रु.१,०३८/- रहेकोमा २०७० आषाढ मसान्तमा प्रतिशेयर रु.१,१९१/- रहेको देखिएको छ । कम्पनीको शुरुको चुक्ता पूँजीमा कूल ८२% बोनस शेयर वितरण पश्चात पनि आ.व.२०६८/०६९मा भन्दा समिक्षा अवधिमा कम्पनीको बजारमूल्य उच्च रहेको देखिन्छ ।

गतवर्षदेखि कम्पनीले नगद लाभांश र बोनस शेयर वितरण गर्दै आएको तथा नयाँ आयोजनाहरुको निर्माणकालागि कर्मचारी सञ्चयकोषसंग ऋण



सम्झौता गरी वित्तीय व्यवस्था समेत भई आयोजनाहरु निर्माणको चरणमा रहेको तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत कम्पनीको साख र छवी (Goodwill and Image) उच्च रहेकोले हाल शेयरबजारमा शेयरमूल्य र कारोवारको हिसावले उत्कृष्ट कम्पनीहरु मध्येमा यो कम्पनी रहन सफल भएको छ भने आगामी दिनमा शेयरको बजारमूल्यमा अझै सकारात्मक प्रभावपार्ने विश्वास समेत हामीले लिएका छौं ।

## २. कम्पनीको भावी योजना एवं कार्यक्रमः

देश भित्रको आर्थिक तथा प्राविधिक साधन श्रोतको उपयोग गर्दै बढी भन्दा बढी जनताको सहभागितामा जलविद्युत उत्पादन क्षेत्रमा अग्रता हासिल गर्ने लक्ष्यकासाथ कम्पनीले बिभिन्न जलविद्युत आयोजनाहरुको प्रवर्द्धन तथा विकास गरिरहेको छ । यस सन्दर्भमा कम्पनीले आफ्ना सहायक कम्पनीहरु मार्फत रसुवागढी १११ मेगावाट, मध्य भोटेकोशी १०२ मेगावाट, सान्जेन ४२.५ मेगावाट र सान्जेन (माथिल्लो) १४.८ मेगावाट गरी जम्मा २७० दशमलव ३ मेगावाटका आकर्षक जलविद्युत आयोजनाहरुको निर्माण कार्य अगाडि बढाएको छ । यसका अलावा सन् २०२० सम्ममा नीजि क्षेत्रका लगानीकर्ताहरू, नेपाल विद्युत प्राधिकरण तथा यसका अन्य सहायक कम्पनीहरूसँग सहकार्य तथा समन्वय गरी कम्पनीको संलग्नतामा थप जलविद्युत आयोजनाहरूको विकास गरी कूल विद्युत उत्पादन क्षमता ५०० मेगावाट भन्दा बढी पुऱ्याउने लक्ष्य राखिएको छ। यसका लागि केही आयोजनाहरूको सर्वेक्षण अनुमति पत्रका लागि नेपाल सरकारसँग अनुरोध गरिएको छ।

यसरी कम्पनीको प्रत्यक्ष सहभागितामा जलविद्युत आयोजनाहरुको विकास हुँदा कम्पनीसँग भएको आर्थिक संचितिको अधिकतम उपयोग हुने र नाफामुलक तथा उत्पादनशील क्षेत्रमा लगानी भै कम्पनीको लगानी हैसियत र क्षमता गुणात्मक रुपमा बृद्धि हुनजाने विश्वास हामीले लिएका छौ । यसबाट शेयरधनी महानुभावहरुलाई आफ्नो लगानीमा अधिकतम प्रतिफल प्राप्त हुनेछ भने नीजि क्षेत्रका लगानी कर्ताहरुसँगको सहकार्यले जलविद्युत क्षेत्रको विकासमा थप योगदान पुग्ने निश्चित छ। साथै स्थानीय सहभागीतामा जलविद्युत आयोजनाहरुको निर्माणमा फड्को मार्न सक्ने विश्वासका साथ कम्पनी, नीजिक्षेत्र, सर्वसाधारण, कर्मचारीहरु तथा स्थानीय जनताको प्रत्यक्ष सहभागितामा नेपालको जलविद्युत क्षेत्रको विकासकालागि जनकेन्द्रीत सार्वजनिक-नीजि-साझेदारी (People Centeric Public-Private-Partnership) को अवधारणामा आधारित एउटा सुदृढ सफल नमुना (Successful Model) तयार हुने विश्वासका साथ हामी अगाडि बढेका छौ । नेपालको जलविद्युत क्षेत्रमा द्रुतत्तर गतिमा विकास गर्न यस किसिमको साझेदारी अवधारणा (Partnership Concept) उपयोगी सिद्ध हुने विश्वासकासाथ कम्पनीले निर्माण तथा विकासकालागि अगाडि सारेका आयोजनाहरुको वर्तमान स्थिति निम्नानुसार रहेको जानकारी गराउन चाहन्छु ।

**क.सान्जेन तथा सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाः**

रसुवा जिल्लामा रहेको चिलिमे जलविद्युत केन्द्रको माथिल्लो जलाधार क्षेत्रको करिव ६ कि.मि. मा अवस्थित सान्जेन खोला क्षेत्रमा करिव ६०० मिटरको हेड प्रयोग गरेर सान्जेन (माथिल्लो) र सान्जेन जलविद्युत आयोजनाहरु श्रृंखलाबद्ध (Cascade) रुपमा विकास गर्ने गरी कार्य अगाडि बढाइएको छ। सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे.वा.) को विद्युत गृहबाट निस्कने पानीलाई सोझै प्रयोग गर्नेगरी सान्जेन जलविद्युत आयोजना (४२.५मे.वा.) को विद्युत उत्पादन गर्न प्रस्ताव गरिए अनुसार यी दुवै आयोजनाको विकास गर्न सान्जेन जलविद्युत कम्पनी लिमिटेड कम्पनी रजिष्ट्रारको कार्यालयमा विधिवत दर्ता भई कार्य प्रारम्भ भएको छ ।

सान्जेन जलविद्युत कम्पनी लिमिटेडको अधिकृत पूँजी रु.३ अर्व ७५ करोड र जारी पूँजी रु. ३ अर्व ६५ करोड रहेको छ । यी आयोजनाहरुको निर्माण र संचालन कार्यमा स्थानीय निकायहरुको सहभागिता गराइएको छ । सान्जेन जलविद्युत कम्पनीको शेयर संरचनामा चिलिमे जलविद्युत कम्पनीको ३८%, ने.वि.प्रा. को

१०% र रसुवा जि.वि.स. तथा जिल्लाका १८ वटै गा.वि.स.हरुको ३% शेयर रहने व्यवस्था रहेको छ । बाँकी ४९% शेयर सर्वसाधारण, प्रवर्द्धक संस्थाका कर्मचारी, स्थानीय जनता र आयोजनाका लागि ऋणलगानी गर्ने कर्मचारी सञ्चय कोषका कर्मचारी तथा सञ्चय कोषका सञ्चयकर्ताहरुलाई छुट्याइएको छ । यस कम्पनीले उल्लेखित दुई आयोजना विकासको लागि आ.व.२०६९/०७० सम्ममा रु.४२ करोड १५ लाख २७ हजार लगानी गरेको छ। दुवै आयोजनाहरूको निर्माण कार्य सन् २०१६ को अगष्ट सम्ममा सम्पन्न गरी विद्युत उत्पादन शुरुगर्ने लक्ष्य रहेकोछ ।

हाल आयोजनाहरुको प्रगति निम्न बमोजिम रहेको छ ।

- आयोजनाको लागि आवश्यक पर्ने करिव १८ कि.मी. पहुँच मार्गको ट्र्याक खोल्ने कार्य सम्पन्न भइसकेको छ ।
- यस कम्पनी अन्तर्गतका सान्जेन र सान्जेन (माथिल्लो) आयोजनाहरूको लट-२ सिभिल निर्माण कार्यको ठेक्का सम्झौता भै ठेकेदारले मोविलाइजेशन गर्ने कार्य शुरू गरिसकेको छ ।
- दुवै आयोजनाको लट-३ इलेक्ट्रोमेकानिकल कार्यको ठेक्का सम्झौता सम्पन्न भइ सकेको छ ।
- दुवै आयोजनाको लट-४ हाइड्रोमेकानिकल कार्यको लागि ठेक्का सम्झौता गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।
- परामर्शदाता नियुक्त भै डिजाइन तथा निर्माण सुपरिवेक्षणको कार्य शुरू भै सकेको छ ।
- निर्माण कार्यको लागि आवश्यक पर्ने विद्युत शक्ति निर्माण विन्दुहरूसम्म पुऱ्याउनको लागि ११ के.भी. लाइन निर्माण कार्य सम्पन्न भइ सकेको छ ।

**ख. मध्य भोटेकोशी जलविद्युत आयोजनाः**

सिन्धुपाल्चोक जिल्लामा अवस्थित अरनिको राजमार्गको छेउमा पर्ने १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाको विकासकालागि अधिकृत पूँजी रु.६ अर्व २१ करोड र जारी पूँजी रु. ६ अर्व भएको मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड नामक कम्पनी दर्ता भै कार्य अगाडि बढाएको छ । यस कम्पनीमा चिलिमे जलविद्युत कम्पनी लिमिटेडको ३८%, नेपाल विद्युत प्राधिकरणको १०%, सिन्धुपाल्चोक जिल्लाका स्थानीय इन्भेष्टमेण्ट कम्पनीहरुको ३% (नेपाल अरनिको हाइड्रोपावर कम्पनी प्रा.लि.को १%, सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को १% र सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि. को १%) शेयर सहभागिता हुने र सर्वसाधारण, प्रबर्द्धक संस्थाका कर्मचारी, आयोजनाका लागि ऋण लगानी गर्ने कर्मचारी सञ्चयकोषका कर्मचारी तथा सञ्चयकर्ता र स्थानीय जनताकालागि जम्मा४९% शेयर रहने व्यवस्था गरिएको छ । साथै चिलिमे जलविद्युत कम्पनीको शेयर मध्येबाट बढीमा ३% शेयर जिल्लाका जि.वि.स. तथा गा.वि.स. हरुलाई दिनेगरी व्यवस्था गरिएको छ। आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्नेकार्य सम्पन्न गरीसकिएको छ । यस कम्पनीले उल्लेखित आयोजना विकासको लागि आ.व.२०६९/०७० सम्ममा रु.१२ करोड ६६ लाख ३१ हजार लगानी गरेको छ। आयोजनाको निर्माणकार्य सन् २०१६ को अन्त्य सम्ममा सम्पन्नगरी विद्युत उत्पादन शुरुगर्ने लक्ष्य रहेको छ।

**आयोजना निर्माणको लागि हालसम्म भएकाकार्य प्रगतिः**

- आयोजनाको परामर्शदाता छनोटका लागि आवश्यक प्रकृयाहरु पुरा गरि परामर्शदातासँग सम्झौता सम्पन्न भै सकेको र परामर्शदाताले आफ्नोकार्य प्रारम्भ गरेको छ ।
- आयोजनाको मुख्य संरचना निर्माणकोलागि निम्नानुसारका लटहरुमा विभाजन भई कार्य भइ रहेको छ ।

  **Lot 1** (Civil & Hydromechanical work -EPC Model)

  यस अन्तर्गतको निर्माण कार्यको लागि पूर्वयोग्यतामा पर्न सफल कम्पनीहरुमध्ये बाट बोलपत्र बुझाउने अन्तिम म्याद जुलाइ १७, २०१३ सम्ममा प्राप्त भएका बोलपत्रहरुको मुल्यांकनकोकार्य भैरहेको छ । २०१३ अक्टोवरको अन्त्य सम्ममा ठेक्का सम्झौता गर्ने गरी मूल्यांकन प्रकृया अगाडि बढाइएको छ ।

**Lot 2** (Electromechamical Works -PDB Model)
यस अन्तर्गतको निर्माण कार्यको लागि ठेकेदारहरुको प्रि क्वालिफिकेशन (PQ) छनौट कार्य सम्पन्न भै सकेको छ। यस कार्यको लागि आवश्यक बोलपत्र सम्बन्धि डकुमेन्ट्स (Bidding Documents) हरु तयारपार्ने कार्य सम्पन्न भै सकेको छ । निकट भविष्यमा नै बोलपत्र आव्हान गरी २०१४ को जनवरी भित्र बोलपत्र सम्वन्धि कार्य सम्पन्न गरी ठेक्का सम्झौता गर्ने लक्ष्य रहेको छ ।

**Lot 3** (Transmission Line)
यस अन्तर्गत आयोजनास्थलबाट बाह्रविसे हवसम्म जोड्न करिव ४ कि.मी. २२० के.भी. सिंगल सर्किट ट्रान्समीसन लाईन निर्माण गर्नको लागि आवश्यक प्रकृया अगाडि बढाइएको छ ।

- आयोजनाको कार्यालय तथा आवासगृह (Camp Facilities) निर्माणको लागि आयोजना स्थलमा जग्गा खरीद गरिसकिएको र ठेकेदार कम्पनीसंग ठेक्का सम्झौता भई हाल निर्माणकाकार्यहरु अगाडि बढाइरहेकोछ । साथै आयोजनाको लागि आवश्यक पर्ने अन्य जग्गाहरू अधिग्रहणको प्रकृयामा रहेको छ ।
- करिव २५० मी. लामो परिक्षण सुरुङ्ग (Test Adit Tunnel) निर्माण कार्य सम्पन्न भइसकेको छ ।
- करिव ३३० मी. लामो परिक्षण डाइभर्सन सुरूङ (Test Diversion Tunnel) निर्माण कार्य भै रहेको छ ।

## ग. रसुवागढी जलविद्युत आयोजना:

रसुवा जिल्लामा रहेको १११ मे.वा. जडित क्षमता रहेको यस आयोजना निर्माण गर्न रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड कम्पनी रजिष्ट्रारकोकार्यालयमा विधिवत दर्ता भई कार्यप्रारम्भ भएको छ ।

यस कम्पनीको अधिकृत पूँजी रु.६ अर्व ५० करोड रजारी पूँजी रु.५० करोड रहेको छ भने शेयर संरचनामा चिलिमे जलविद्युत कम्पनीको ३३%, ने.वि.प्रा. को १८%, आयोजनाका लागि ऋण लगानी गर्ने कर्मचारी सञ्चय कोषका कर्मचारी तथा सञ्चय कोषका सञ्चयकर्ताहरुलाई १९.५%, आयोजना प्रभावित क्षेत्रका स्थानीय निकाय तथा वासिन्दाहरुको १०%, सर्वसधारणलाई १५% र, प्रबर्द्धक संस्थाका कर्मचारीहरूलाई ४.५% शेयर रहने व्यवस्था रहेको छ । यस कम्पनीले उल्लेखित आयोजना विकासको लागि आ.व. २०६९/०७० सम्ममा रु.११ करोड ६५ लाख ६६ हजार लगानी गरेको छ । आयोजनाको निर्माण कार्य सन् २०१७ को मे सम्ममा सम्पन्न गरी विद्युत उत्पादन शुरुगर्ने लक्ष्य रहेको छ ।

**आयोजना निर्माणको लागि हालसम्म भएका कार्य प्रगति:**

- आयोजनाको परामर्शदाता छनोटका लागि आवश्यक प्रकृयाहरु पुरा गरि परामर्शदातासँग सम्झौता सम्पन्न भै सकेको र परामर्शदाताले आफ्नो कार्य प्रारम्भ गरेको छ ।
- आयोजनाको मुख्य संरचना निर्माणको लागि निम्नानुसारका लटहरुमा विभाजन भई कार्य भइ रहेकोछ ।

**Lot 1** (Civil & Hydromechanical work -EPC Model)
यस अन्तर्गतको निर्माण कार्यको लागि पूर्वयोग्यतामा पर्न सफल कम्पनीहरुमध्येबाट बोलपत्र बुझाउने अन्तिम म्याद अगष्ट १४, २०१३ सम्ममा प्राप्त भएका बोलपत्रहरुको मुल्यांकनकोकार्य भैरहेको छ । २०१३ अक्टोवरको अन्त्य सम्ममा ठेक्का सम्झौता गर्ने गरी मूल्यांकन प्रकृया अगाडि बढाइएको छ ।

**Lot 2** (Electromechamical Works -PDB Model)
यस अन्तर्गतको निर्माण कार्यको लागि ठेकेदारहरुको प्रि क्वालिफिकेशन (PQ) छनौटकार्य सम्पन्न भै सकेको छ। यस कार्यको लागि आवश्यक बोलपत्र सम्बन्धी डकुमेन्ट्स (Bidding Documents) हरु तयार पार्ने कार्य समेत अन्तिम चरणमा रहेकोछ । निकट भविष्यमा नै बोलपत्र आव्हान गरी २०१४ को जनवरी भित्र बोलपत्र सम्वन्धि कार्य सम्पन्न गरी ठेक्का सम्झौता गर्ने लक्ष्य रहेको छ ।

**Lot 3** - Transmission Line
यस अन्तर्गत आयोजनास्थलबाट Chilime Hub सम्म जोड्न करिव १२ कि.मी. १३२के. भी. डवल सर्किट ट्रान्समीसन लाईन निर्माण गर्नकोलागि

Design तथा Tender Document Preperation गर्नेकार्य अगाडि बढाइएको छ ।

- आयोजनाको कार्यालय तथा आवासगृह (Camp Facilities) निर्माणको लागि आयोजनास्थलमा जग्गाखरीद गरी सकिएको र ठेकेदार कम्पनीसंग ठेक्का सम्झौता भई हाल निर्माणका कार्यहरु अगाडि बढाइरहेको छ ।
- आयोजनाकोलागि आवश्यक पर्ने स्थायी र अस्थायी प्रकृतिको सरकारी जग्गा लिज (Lease) मा लिन प्रकृया अगाडी बढाइसकेको छ ।
- निर्माणको चरणमा प्रयोग हुने Construction Power को लागि स्याफ्रुवेशी देखि रसुवागढी सम्म ११ के.भी. प्रसारण लाइनको निर्माण तथा परिक्षण कार्य सम्पन्न भई संचालनमा आइसकेको ।
- परिक्षण सुरुङ्ग (Test Adit Tunnel) निर्माण कार्य सम्पन्न भइसकेको छ ।

**घ. चिलिमे जलविद्युत केन्द्र अपग्रेडिङः**

चिलिमे जलविद्युत केन्द्रलाई अभिवृद्धि (Upgrade) गरी करिव १० मेगावाट थप विद्युत उत्पादन गर्ने सोचका साथ विगत वर्षदेखि प्राविधिक अध्ययन शुरू गर्न लागेकोमा यस आयोजनाबाट बर्षायाममा मात्र थप विद्युत उत्पादन हुने हुँदा विद्युत प्राधिकरणबाट विद्युत खरिद विक्री सम्झौता हुने नहुने निश्चित भएमा मात्र अगाडि बढाउन सकिने देखिएको छ । यसको लागि नेपाल विद्युत प्राधिकरणसँग अनुरोध गरिएको छ ।

## ३.चालु आर्थिक बर्षको हालसम्मको उपलब्धिः

यस कम्पनीले चालु आ.व.२०७०/०७१ को श्रावण मसान्तसम्मको अवधिमा लक्ष्य अनुसार १ करोड ४४ लाख ३८ हजार यूनिट विद्युत बिक्री गर्न सफल भई रु.१० करोड ४९ लाख ५५ हजार विद्युत विक्रीबाट आम्दानी गरेको छ । सो अवधिमा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार रु.४० लाख खर्च भएको ब्यहोरा अवगत गराउन चाहन्छु ।

## ४. कम्पनीको व्यावसायिक सम्वन्धः

सबै क्षेत्रबाट यथेष्ट सहयोग मिलेकै कारण चिलिमे जलविद्युत कम्पनीले देशमा जलविद्युतको क्षेत्रमा एउटा उदाहरणीय पहिचान कायम राख्न सफल भएको छ । चिलिमे जलविद्युत कम्पनीको उच्च सफलताले यो संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेका हामी सबैलाई गौरवान्वित तुल्याएको छ । कम्पनीको ब्यावसायिक सम्वन्ध मूलतः विद्युत खरिद गरिदिने नेपाल विद्युत प्राधिकरण र आयोजना निर्माणमा बित्तीय सहयोग प्रदान गर्ने बैंक तथा वित्तीय संस्थाहरु मुख्य रुपमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, हिमालयन बैंक लिमिटेड तथा लक्ष्मी बैंक लिमिटेड लगायत अन्य बाणिज्य बैंकहरूसंग रहेकोछ । साथै नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेञ्ज लि., नागरिक लगानी कोष तथा एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि., एन.सी.एम मर्चेन्ट बैंकिङ लि. तथा बाणिज्य बैंकहरु एवं विकास बैंकहरुसंग पनि सुमधुर सम्वन्ध रहेको छ । यस किसिमका संस्थाहरुसंगको ब्यावसायिक सम्वन्धले कम्पनीले थप सफलता हासिल गर्न सक्ने विश्वास सहित भविष्यमा पनि ब्यावसायिक सम्वन्धलाई अझै सवल, चुस्त र दुरुस्त बनाउन कम्पनी सदैव सजग रहनेछ ।

## ५. आयोजनाहरूको निर्माण तथा विकासका लागि वित्तीय व्यवस्थाः

कम्पनीको ब्यवसायिक सम्वन्ध सुमधुर रहेकोले नैकम्पनीले प्रबर्द्धन गरेका सहायक कम्पनी मार्फत निर्माण तथा विकासका लागि अगाडि सारेका रसुवागढी १११ मेगावाट, मध्य भोटेकोशी १०२ मेगावाट, सान्जेन ४२.५ मेगावाट र सान्जेन (माथिल्लो) १४.८ मेगावाटका लागि आवश्यक ऋण लगानी गर्ने सम्वन्धमा २०६८ साल मंसिर २२ गते कर्मचारी सञ्चयकोष, चिलिमेजलविद्युत कम्पनी र सम्वन्धित कम्पनीहरु (रसुवागढी हाइड्रोपावर कम्पनी, मध्य भोटेकोशी जलविद्युत कम्पनी र सान्जेन जलविद्युत कम्पनी) विच त्रिपक्षीय ऋण सम्झौता भएको थियो । जसअनुसारकर्मचारी सञ्चयकोषले स्वःपूँजी र ऋणको अनुपात ५०:५० रहनेगरी रसुवागढी जलविद्युत

आयोजनाको लागि रु.६ अर्ब ८४ करोड २१ लाख, मध्य भोटेकोशी जलविद्युत आयोजनाकोलागि रु. ६ अर्ब १४ करोड १६ लाख, सान्जेन (माथिल्लो) र सान्जेन जलविद्युत आयोजनाको लागि रु.३ अर्ब ६२ करोड १६ लाख गरी जम्मा १६ अर्ब ६० करोड ५३ लाख कर्जा प्रवाह गर्ने व्यवस्था रहेको छ। यसका लागि नेपाल विद्युत प्राधिकरण रचिलिमे जलविद्युत कम्पनी लिमिटेडबाट संस्थागत जमानत दिइएको र कम्पनीले पन्ध्रौं साधारण सभाबाट स्वीकृत गराई चिलिमे जलविद्युत आयोजना (चिलिमे जलविद्युत केन्द्र) कर्मचारी सञ्चयकोष लाई धितो लिखत पारित गरिसकिएको छ ।

## ६. सञ्चालक समितिः

नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत शेयरलगानी भएकोले प्राधिकरणबाट सञ्चालक समितिमा जम्मा पाँचजना संचालक रहने व्यवस्था छ भने २५ प्रतिशत शेयर लिएका प्राधिकरण र कम्पनीका कर्मचारीको प्रतिनिधित्व गर्ने "ख" समूहबाट दुईजना र सर्वसाधारण समूह ("ग") बाट २ जना सञ्चालक रहने व्यवस्था छ । समीक्षा अवधिमा संचालक समितिको बैठक २७ पटक बसेको थियो ।

आ.व.२०६९/०७० मा सञ्चालक समिति निम्नानुसार रहेको थियो:

कम्पनीको संचालक समितिको अध्यक्षमा श्री महेन्द्र लाल श्रेष्ठ रहनु भएकोमा विद्युत प्राधिकरणको कार्यकारी निर्देशक परिवर्तन भई श्री रामेश्वर यादवले अध्यक्षता गर्नु भएको थियो । हाल ने.वि.प्रा. का कार्यकारी निर्देशक श्री अर्जुन कुमार कार्की २०७० साल भाद्र २० गते देखि संचालक समितिको अध्यक्ष रहनु भएको छ ।

संचालक समितिको अध्यक्ष रही आफ्नो अमूल्य योगदान दिनुहुने श्री रामेश्वर यादव र श्री महेन्द्र लाल श्रेष्ठ ज्यू लाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै कम्पनीको संचालकमा रही आफ्नो अमूल्य योगदान दिनु हुने श्री बद्रीनाथ रोकाज्यू लाई पनि हार्दिक धन्यवाद दिन चाहान्छु ।

| सि.नं. | आ.व.२०६९/०७० मा कार्यरत सञ्चालकहरु | पद | संचालकमा हेरफेर तथा परिवर्तन भएको कारण |
|---|---|---|---|
| १ | श्री अर्जुन कुमार कार्की | अध्यक्ष | मिति २०७०/०५/२० देखि हालसम्म |
| २ | श्री रामेश्वर यादव | अध्यक्ष | मिति २०६९/०८/२७ देखि २०७०/०५/१९ सम्म |
| ३ | श्री महेन्द्र लाल श्रेष्ठ | अध्यक्ष/संचालक | मिति २०६७/१०/२० देखि २०७०/०४/०९ सम्म |
| ४ | श्री बद्री नाथ रोका | संचालक | मिति २०६७/०८/२४ देखि २०७०/०३/३० सम्म |
| ५ | श्री लिलानाथ भट्टराई | संचालक | मिति २०६८/०४/३० देखि हालसम्म |
| ६ | श्री कुलमान घिसिङ | प्रबन्ध संचालक | मित २०६७/०३/०६ देखि हालसम्म |
| ७ | श्री जयन्द्र श्रेष्ठ | संचालक | समूह 'ख' बाट निर्वाचित (मिति २०६७/१२/३ देखि हालसम्म) |
| ८ | श्री तुलसीराम ढकाल | संचालक | समूह 'ख' बाट निर्वाचित (मिति २०६७/१२/३ देखि हालसम्म) |
| ९ | श्री फुर्पु तेन्जेन तामाङ | संचालक | समूह 'ग' बाट निर्वाचित (मिति २०६८/०९/२७ देखि हालसम्म) |
| १० | श्री यम कुमार श्रेष्ठ | संचालक | समूह 'ग' बाट निर्वाचित (मिति २०६८/०९/२७ देखि हालसम्म) |

| आ.व. | प्रतिशेयर आम्दानी (रू.) | नगद लाभांश प्रतिशेयर (रू.) | बोनसशेयर (%) | आ.व.को प्रतिशेयर संचिति (रू.) |
|---|---|---|---|---|
| २०६०/०६१ | ५५.६३ | १० | | ४५.६३ |
| २०६१/०६२ | ७८.३० | २० | | ५८.३० |
| २०६२/०६३ | ६९.५९ | ३५ | | ३४.५९ |
| २०६३/०६४ | ९१.४९ | ३० | | ६१.४९ |
| २०६४/०६५ | ९३.१२ | ३५ | | ५८.१२ |
| २०६५/०६६ | १००.७९ | ४५ | | ५५.७९ |
| २०६६/०६७ | १०६.५६ | ६० | | ४६.५६ |
| २०६७/०६८ | १०२.१२ | ३० | ४० | ३२.१२ |
| २०६८/०६९ | ७०.३४ | २० | ३० | २०.३४ |
| २०६९/०७० | ५५.२३ | १० | ३० | १५.२३ |

**नोटः** आ.व.२०६९/०७० मा सिफारिश गरिएको १०५ नगद लाभांश र ३०% बोनस शेयर मध्ये संचितिबाट शेयर मा पूँजीकृत गर्नुपर्ने रकम समेत समायोजन गर्दा आ.व.२०६९/०७० को लागि प्रस्तावित वोनस शेयर समेत शेयर संख्या २ करोड २७ लाख १३ हजार ६ सयको प्रतिशेयर संचिति औषत रु.१५५/- रहेको छ।
यस कम्पनीले विगत दशबर्षको अवधिमा रु.२ अर्व ४३ करोड २३ लाख ७० हजार २ सय ७५ नगद लाभांश तथा रु.१ अरव ३१ करोड १३ लाख ६० हजार बरावरको बोनस शेयर घोषणा गरिनु गौरवको विषय हो। यसले जलविद्युत क्षेत्रमा लगानी गर्न हामी सवैलाई थप प्रेरणा र प्रोत्साहन मिलेको छ।

### ७. लाभांश सम्वन्धमाः

आ.व.२०६९/०७० मा कम्पनीले प्रतिशेयर रु. ५५.२३ आम्दानी गरेको छ। आ.व.२०६८/०६९ कोमुनाफाबाट ३०% बोनस शेयर बितरण गरी आ.व.२०६९/०७० आषाढ मसान्त सम्ममा शेयर पूँजीरु. १ अर्व ७४ करोड ७२ लाख रहेको छ। सोही बमोजिमको चुक्ता पूँजीमा १०% नगद लाभांश र ३०% बोनस शेयर वितरण गर्ने स्वीकृतिको लागि यस साधारण सभामा प्रस्ताव गरिएको छ। उक्तबोनस शेयर बितरण पश्चात कम्पनीकोचुक्तापूँजी रु.२ अरव २७ करोड १३ लाख ६० हजारपुग्नेछ। आ.व.२०६८/०६९ सम्मको स्वीकृत नगद लाभांश र वोनस शेयर शेयरधनीहरुलाई उपलब्ध गराउन शेयर रजिष्ट्रारलाई पठाई सकिएको छ। कम्पनीले आ.व. २०६०/०६१ देखि २०६९/०७० सम्म जम्मा रु.२ अरव ४३ करोड २३ लाख ७० हजार २ सय ७५ नगद लाभांश तथा आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७० क्रमशः४०%,३०% र ३०% ले हुन आउनेजम्मा रकम रु.१ अरव ३१ करोड १३ लाख ६० हजार बरावरको बोनसशेयरघोषणा गरिसकेपश्चात पनि आ.व.२०६९/०७०को अन्त्य सम्ममा प्रतिशेयर संचितिऔषतरु.१५५/१६रहेको कुरा अबगत गराउन पाउँदा हामीलाई अत्यन्त खुशी लागेको छ। लाभांश तथा बोनस शेयर घोषणाकोवर्ष गत विवरण निम्न तालिका तथा ग्राफ चित्रमा प्रस्तुत गरिएको छ।

### ८. लेखा परीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिक्रियाः

लेखापरीक्षण प्रतिवेदन सहित आ.व.२०६९/०७० कोआर्थिक बिवरणहरु यहाँहरुलाई उपलब्ध गराइएको छ। लेखापरीक्षकको प्रतिवेदनमा कुनै कैफियत उल्लेख नभएकोकुरा जानकारी गराउन चाहन्छु।




**९. कम्पनीको केन्द्रीय कार्यालयको लागि जग्गा उपलब्धीः**
कम्पनीले आफ्नो केन्द्रिय कार्यालय भवन निर्माण गर्ने प्रयोजनको लागि का.म.न.पा वडा नं. ४ धुम्बाराहीमा ५-६-३-१ रोपनी जग्गा खरिद गरेको छ। हाल सो जग्गामा रहेको पुरानो भवनमा कम्पनीको केन्द्रीय कार्यालय संचालनमा रहेको छ । कम्पनीले सो जग्गामा आफ्नो केन्द्रीय कार्यालय भवन बनाउने लक्ष्य राखेको छ ।

**१०. संस्थागत सामाजिक उत्तरदायित्वः**
यस कम्पनीले सामाजिक दायित्व अन्तर्गत विशेष गरेरआयोजना वरिपरीका प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित क्षेत्रहरुमा विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य, रोजगारी, सिंचाई, बाटोघाटो जस्ता कार्यहरुमा वाषिक रुपमा रकम छुट्याइ उल्लेख्य सहयोग पुऱ्याउँदै आएको छ । साथै सरोकार समितिमार्फत प्रभावित तीन गा.वि.स. लाई बास्केट फण्ड स्वरुपरु.२५ लाख थप उपलब्ध गराउँदै आएको छ ।

यसै सर्न्दर्भमा कम्पनीले यस आर्थिक वर्षमा रसुवा जिल्लाका बिभिन्न स्कुलहरूलाई सहयोग स्वरूप करिव ४५ लाख ५२ हजार, बाटो तथा पुर्वाधार निर्माण कार्यकोलागि रू.५८ लाख ५० हजार लाख, विद्युतीकरण कार्यको लागि करिव रू.१ लाख ७० हजार, खानेपानी तथा स्वास्थ्य क्षेत्रमा करिव रू.२० लाख र गुम्वा निर्माण तथा मर्मत कार्यको लागि करिव रू.५ लाख ३० हजार सहयोग उपलब्ध गराएको छ ।

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वको निरन्तर ता स्वरुप प्रत्येक वर्ष जस्तै चालु आ.व.२०७०/०७१मा पनि सामुदायिक विकास र बास्केट फण्ड सहित बजेट व्यवस्था गरिएकोछ ।

**११. बिगत वर्षहरूमा शेयरधनी महानुभावहरूले उठाएका विषयहरूः**
विगत बर्षहरुमा शेयरधनी महानुभावहरुले दिनुभएका सुझावहरु उपर कम्पनीको अवधारणा निम्नअनुसार रहे काछन् ।

**क) नगद लाभांश तथा बोनश शेयर सम्वन्धमाः**
कम्पनीले गरेको अपेक्षीत मुनाफा र संचितिबाट शेयरधनीहरूलाई नगद लाभांश तथा बोनश शेयर वितरण गरिरहेको र भविष्यमा समेत शेयरधनीहरूको हीतलाई ध्यानमा राखी उचित प्रतिफल दिन कम्पनी

प्रतिवद्ध रहेको छ ।

**ख) नयाँ आयोजना सम्वन्धमाः**

कम्पनीले निर्माण तथा विकासका लागी अगाडि सारेका आयोजनाहरूको निर्माण कार्य लक्ष्य अनुसार निर्धारित समय र लागत भित्र सम्पन्न गर्न कम्पनी प्रतिवद्ध रहेको छ र शेयरधनी महानुभावहरूको सुझाव अनुसार लगानीको सुनिश्चितता हुने गरी कार्यक्रम कार्यान्वयन गर्दै अगाडि बढाइएको र थप आयोजनाहरू पनि कार्यान्वयनमा ल्याउन कम्पनी प्रतिवद्ध रहेको छ ।

**ग) संस्थागत सामाजिम उत्तरदायित्व सम्वन्धमाः**

कम्पनीले चिलिमे जलविद्युत आयोजना रहेको रसुवा जिल्लाका स्थानीय विकास निर्माणका विभिन्न गतिविधिमा संलग्न रही शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको ब्यहोरा प्रतिवेदनमा उल्लेख गरिएको छ । साथै भविष्यमा पनि कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्व पुरा गर्दै जाने कुरामा बिश्वास दिलाउन चाहान्छु ।

## १२. सम्वद्ध कम्पनी बीचको कारोवारः

यस कम्पनीको मुख्य संस्थापक नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता अनुसारको कारोवार र कर्मचारी सापटी सम्वन्धी सामान्य कारोवार मात्र रहेको छ ।

## १३. आन्तरिक नियन्त्रण प्रणालीः

आन्तरिक नियन्त्रण प्रणाली प्रभाबकारी बनाउन आथिर्कप्रशासन विनियमावली तयारगरी विभिन्न अधिकारतथासिमाहरु तोकिएको छ । आन्तरिक लेखाप्रणाली सबल बनाइराख्न कम्पनी ऐन, २०६३ को दफा १६४ को अधिनमा रही सञ्चालक समितिका सदस्यहरु रहेको लेखापरीक्षण समिति गठन गरी सोही समितिको निर्देशन एवं अनुगमनमा कम्पनीको लेखा सञ्चालन हुँदै आएको र आन्तरिक लेखापरीक्षणको समेत व्यवस्था रहेको ब्यहोरा अवगत गराउन चाहन्छु ।

## १४. एक आर्थिक वर्षको कुल ब्यवस्थापन खर्चको बिवरणः

आ.व.२०६९/०७० मा कम्पनीको व्यवस्थापन खर्च रु.६,४७,५०,३७४/- रहेको छ। प्लाण्ट संचालनको लागि प्रशासनिक एवं संचालनमा रु.९,०८,४३,९२४/-खर्च भएकोछ ।

## १५. लेखापरीक्षण समितिः

कम्पनी ऐन २०६३ को दफा १६४ मा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिले एक लेखापरीक्षण समिति गठन गरेकोछ । लेखापरीक्षण समितिमा निम्नानुसार सञ्चालकहरु रहनुभएको छ ।

| | | |
|---|---|---|
| १. | श्री बद्रीनाथरोका | सञ्चालक अध्यक्ष |
| २. | श्री लिलानाथभट्टराई | सञ्चालक सदस्य |
| ३. | श्री जयन्द्र श्रेष्ठ | सञ्चालक सदस्य |

आ.व. २०६९/०७० मा लेखापरीक्षण प्रतिवेदन, आवधिक आर्थिक प्रतिवेदन तथा अन्य आथिक ब्यवस्थापनका विषयहरुमा छलफल गर्न कालागि लेखापरीक्षण समितिको १५ पटक बैठक बसेको थियो । लेखापरीक्षण समितिका बैठकमा उपस्थित सञ्चालकहरुलाई प्रति बैठक भत्ताबापत रु.३,०००/- दिने व्यवस्था रहेको छ ।

कम्पनीको प्रशासनिक कार्य सुचारु राख्न स्थायी किसिमको पदपूर्ति समिति, विनियमावली अनुसारका समिति र आवश्यकता अनुसार अन्य उपसमितिहरु बन्नेगरेको पनि जानकारी गराउन चाहन्छु ।

## १६. संचालक तथा उच्च पदस्थ पदाधिकारीहरूको पारिश्रीमकः

यस आ.व.२०६९/०७० माकम्पनीका पदाधिकारीहरुले निम्नानुसार भत्ता तथा सुविधा प्राप्त गर्नु भएको थियोः

१. संचालक समितिको बैठक भत्ता प्रतिब्यक्ति प्रति बैठक **रु.५,०००/-**
२. संचालक रहेको समिति र उपसमितिको बैठक भत्ता प्रतिब्यक्ति प्रति बैठक **रु.३,०००/-**

३. संचालकहरुलाई सञ्चार तथा यातायात सुविधा प्रतिब्यक्ति **रु.२,५००/-** (मासिक)
४. प्रबन्ध सञ्चालक मासिक तलब, भत्ता तथा सुविधा **रु. १,५०,०००/-** (मासिक)
५. अन्य उप-समिति (संचालक बाहेक अन्य पदाधिकारीहरु संलग्न) प्रति ब्यक्ति प्रति बैठक **रु.२,०००/-**
६. कम्पनीका संचालकहरुलाई कम्पनीका प्रवन्ध संचालकसरह दैनिक तथा भ्रमण भत्ता दिने ब्यवस्था रहेको छ ।

## १७. कृतज्ञता ज्ञापन तथा धन्यवादः

यस अवसरमा यस कम्पनीको संचालन तथा सहायक कम्पनीहरु मार्फत अगाडी बढाइएका आयोजनाहरुको निर्माण तथा विकासको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउँदै आउनुभएका उर्जा मन्त्रालय, वातावरण मन्त्रालय, बन तथा भू-संरक्षण मन्त्रालय, भूमिसुधार, गृह मन्त्रालय, रक्षा मन्त्रालय, विद्युत विकास विभाग लगायत नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरुलाई म धन्यवाद दिन चाहान्छु ।

सम्पन्न भैसकेको आयोजना, नयाँ आयोजना अध्ययन, निर्माण र संचालन सम्वन्धि कार्यमा सहयोग र सद्भाव देखाउँदै आउनुभएका चिलिमे, रसुवागढी, मध्यभोटेकोशी तथा सान्जेन आयोजना वरपरका सम्पूर्ण स्थानीयवासीहरु र स्थानिय निकायका पदाधिकारीहरु एवं सरोकार समितिलाई पनि धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने पत्रकारमित्रहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

आयोजनाको सफल कार्यान्वयन तथा सुचारु रुपले संचालन गर्नकालागि प्रारम्भदेखि सहयोग पुऱ्याउने चिलिमे जलविद्युत कम्पनी कर्मचारी युनियन, नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन, संघ, संगठन, परिषद्लगायत सवै कर्मचारी प्रतिनिधिहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

कम्पनी तथा निर्माणधिन आयोजनाहरुलाई यसचरणसम्म सफलतापूर्व पुऱ्याउन क्रियाशील आयोजना तथा कम्पनीका सवै कर्मचारीहरुलाई मधन्यवाद दिन चाहन्छु । कम्पनीको स्थापनाकालदेखि आयोजना संचालन, ब्यवस्थापन, निर्माण, संचालन तथा संभार, नयाँ आयोजनाकोअध्ययन आदि कामहरुमा प्रत्यक्ष वा परोक्षरुपमा संलग्न भई सहयोग गर्ने सबैलाई यस अवसरमा धन्यवाद दिन चाहान्छु । साथै उहाँहरुबाट सदाभ्कै सहयोग, सदभाव र समर्थनकोनिरन्तरअपेक्षा राख्दछु ।

नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेन्ज लि. लाई निरन्तर सहयोग र सदभावको लागि धन्यवाद दिन चाहन्छु । साथै श्री नागरिक लगानी कोषलाई कम्पनीको शेयर रजिष्ट्रार सेवा प्रदान गर्नु भएको र यस साधारणसभाको प्रवन्ध गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । कम्पनीको स्थापना, निर्माण, संचालन र ब्यवस्थापनमा आफ्ना अमुल्य योगदान पुऱ्याउनु भएका सम्पूर्ण पूर्व संचालकहरु तथा कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

कम्पनीले निर्माण तथा विकासका लागि अगाडि सारेका रसुवागढी, मध्यभोटेकोशी, सान्जेन र सान्जेन(माथिल्लो) आयोजनाहरुका लागि आवश्यक ऋण उपलब्ध गराउनेकर्मचारी सञ्चयकोष लाई विशेष धन्यवाद दिन चाहन्छु । साथै कम्पनीको वित्तीय ब्यवस्थापनमा सदैव सहयोग र सदभाव राख्ने वित्तीय संस्था एवं बैंकहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनी रकम्पनी संचालक समितिप्रति देखाउनुभएको सहयोग, सद्भाव र विश्वासको निमित्त हादिर्क कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद,
अध्यक्ष, संचालक समिति
चिलिमे जलविद्युत कम्पनी लिमिटेड

A.K. Shrestha & Co.
Chartered Accountants
Naxal, P.O.Box 8136
Kathmandu, Nepal

Tel. : 977-1-4411910
email : anup@enet.com.np

## चिलिमे जलविद्युत कम्पनी लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष लेखापरिक्षकको प्रतिवेदन

### आर्थिक विवरण तथा व्यवस्थापनको उत्तरदायित्व

हामीले चिलिमे जलविद्युत कम्पनी लिमिटेडको यसैसाथ संलग्न आषाढ ३१, २०७० (जुलाई १५, २०१३) को वासलात, सोही मितिमा समाप्त वर्षको आय विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखा परीक्षण गरेका छौं । ती वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व कम्पनी व्यवस्थापनमा रहेको छ ।

### लेखापरीक्षकको उत्तरदायित्व

